- मिति २०८३/०१/०२ गते बालमैत्री स्थानीय तह घोषणा जिल्ला स्तरीय अनुगमन समितिको बैठकबाट जैमिनी नगरपालिकाका १० वटै वडालाई बालमैत्री स्थानीय शासन युक्त वडा घोषणाको अनुमति प्रदान गर्न सिफारिस गर्ने निर्णय भएको ।
- मिति २०८३/०१/०३ गते जैमिनी नगरपालिकाका १० वटै वडालाई बालमैत्री स्थानीय शासन युक्त वडा घोषणाको सहमति प्रदान गरिएको ।
- तेस्रो त्रैमासिक अवधिमा भए गरेका कार्यहरुको स्वत:प्रकाशन २०८३ बैशाख ०७ वेवसाइट मार्फत सार्वजनिक भएको ।
- जिल्ला समन्वय समितिका प्रमुख ज्यूको संयोजकत्त्वमा जिल्लाका १० वटै स्थानीय तहको सेवा प्रवाह, योजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रगति समिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- मिति २०८३ जेठ १२ गते नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री प्रक्रियाको जिल्ला अनुगमन समितिको बैठक बसी विभिन्न निकायबाट नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री सम्बन्धमा प्राप्त भएका उजुरी/गुनासाहरु माथि छलफल भै गुनासो सम्बोधनका लागि स्थानीय तहले तत्काल अनुगमन गरी आवश्यक कारवाहीका लागि लेखि पठाउने तथा जिल्ला समितिबाट समेत अनुगमन गर्ने निर्णय भएको ।
- मिति २०८३ जेठ १२ गते नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री प्रक्रियाको जिल्ला अनुगमन समितिको बैठकबाट नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री वितरण तथा क्रसर उद्योग सञ्चालन सम्बन्धमा विभिन्न निर्णयहरु भई कार्यान्वयनका लागि पठाईएको।
- गणतन्त्र दिवस २०८३ विभिन्न कार्यक्रम सहित जेठ १४ र १५ मनाईएको ।
- मिति २०८३ जेठ २३ गते गल्कोट नगरपालिका र ताराखोला गाउँपालिकामा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री प्रक्रियाको जिल्ला अनुगमन समितिबाट नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र बिक्रीको अवस्था तथा क्रसर उद्योगहरुको अनुगमन भएको।
- बडिगाड गाउँपालिकाका १० वटै वडाहरु पोषणमैत्री वडा घोषणाका लागि पोषणमैत्री स्थानीयतह घोषणा अनुगमन तथा सिफारिस समितिबाट अनुगमनको कार्य सम्पन्न गरी मिति २०८३ जेठ २४ गतेको बैठकबाट घोषणाका लागि सिफारिस गरी बडिगाड गाउँपालिकामा पठाउने निर्णय भएको ।
- मिति २०८३ असार ०६ गते जिल्ला सभाको पाँचौ बैठक सम्पन्न भई विभिन्न समसामयीक विषयमा ३६ वटा निर्णयहरु भई निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाईएको ।
- मिति २०८३ असार ०७ गते जिल्ला सभाका निर्णय तथा जिल्ला समन्वय समितिले गरेका कामकारवाहीका सम्बन्धमा जानकारी गराउन पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको ।

## १०.सूचना अधिकारी र प्रमुखको नाम र पद:-

सूचना अधिकारी को नाम: दुर्गा प्रसाद शर्मा पद: ना.सु. फोन नम्वर:९८५७६२१४९४

कार्यालय प्रमुखको नाम: कृष्णहरि आचार्य पद:नि. जिल्ला समन्वय अधिकारी फोन नम्वर:९८५७६२०००२

## ११.ऐन नियम कानूनको सूची

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि व्यवस्था, सहकारी, संघीय मामिला जिल्ला समन्वय समितिको कार्यालय बागलुङ २०७३

निमित्त जिल्ला समन्वय अधिकारी

